नेरेसो

# रेडक्रस

समाचारप्रधान मासिक पत्रिका

वर्ष ५५, अंक १२ | २०८१ साउन | July/Aug 2024


## मनसुनजन्य विपद्मा नेपाल रेडक्रस सोसाइटीले गरेका प्रतिकार्यका गतिविधिहरू

जल तथा मौसम विज्ञान विभागले जेठको २९ गतेबाट शुरु भएको यस वर्षको मनसुन असोज १४ गतेसम्म रहने र देशका अधिकांश स्थानमा सरदर भन्दा ३५ देखि ५५ प्रतिशत बढी बर्षा हुने आंकलन गरेको छ ।



नेपाल रेडक्रस सोसाइटीले हरेक वर्ष झैं मनसुन शुरु हुनुभन्दा अगाडि नै मनसुन पूर्वतयारी र प्रतिकार्यको योजना तयार गरेर पूर्वतयारीका गतिविधिहरू गर्नुका साथै हालैका बाढीपहिरोका घटनाहरूमा आफ्ना निकाय र स्वयंसेवकहरू परिचालन गरी विभिन्न जिल्लामा उद्धार र राहतका कार्यहरूमा सहयोग गरिरहेकोछ । सोसाइटीको केन्द्रीय कार्यालयले आफ्ना सातै प्रदेश कार्यालय र ७७ जिल्ला शाखाहरूलाई पत्रचार गरी मनसुन पूर्वतयारीमा लाग्न







अनुरोध गरिसकेको छ । यस्तै जिल्लामा रहेका डीडीआरटी, क्याडरे, प्राथमिक उपचार र पूर्वसूचना प्रणाली लगायतका क्षेत्रमा तालिम प्राप्त स्वयंसेवक र स्थानीय स्तरमा उपलब्ध संयन्त्रहरूको प्रभावकारी परिचालनका लागि पत्रचार, सम्पर्क र समन्वय बैठकहरू गर्ने, प्रदेश, जिल्ला र उपशाखा स्तरमा आवश्यकता अनुसार राहत सामग्रीहरूको भण्डारण र व्यवस्थापन गर्ने, खोज तथा उद्धारका लागि आवश्यक सामग्रीको तयारी गर्ने र विपद् सर्वेक्षणका लागि जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिसँग निरन्तर समन्वयमा रहन केन्द्रीय कार्यालयले आफू मातहतका निकायहरूलाई अनुरोधसहित निर्देश पनि गरिसकेको छ ।

### क्षतिको अवस्था

यस बर्षको मनसुन सक्रिय भएसँगै आएको बाढी, पहिरो, चट्याङ्गमा परी असार १२ गतेदेखि श्रावण ३१ गतेसम्ममा १२८ जनाको मृत्यु भएको छ भने ९ जना वेपत्ता र ६७ जना घाइते भएका छन् ।

### प्रभावित जिल्लाहरु

यस बर्षको मनसुन सक्रिय भएसँगै नेपालका विभिन्न जिल्लामा आएको बाढी, पहिरो, चट्याङ्गमा लमजुङ, कास्की, रोल्पा, गुल्मी, बागलुङ, स्याङजा, म्याग्दी, पर्वत, तनहुँ, ताप्लेजुङ, मोरङ, सुनसरी, आखलढुंगा, झापा, भोजपुर, उदयपुर, संखुवासभा, बर्दिया, दाङ, बाँके, पाल्पा, रुकुम पूर्व, कैलाली, कन्चनपुर दार्चुला, सुर्खेत बैतडी, जाजरकोट, डोल्पा, रुकुम पश्चिम, कालीकोट, सर्लाही, सिराह, रौतहट, दोलखा, चितवन लगायतका जिल्लाहरू बाढीबाट प्रभावित भएका छन् ।

### उद्धार एवं राहत

नेपाल रेडक्रस सोसाइटीबाट प्रभावित जिल्लाहरुमा खोज तथा उद्धार, सुरक्षित स्थानमा स्थानान्तरण, क्षतिको प्रारम्भिक द्रुत लेखाजोखा लगायतका कार्यका लागि ७ वटै प्रदेशका ७७ वटै जिल्लामा तालिम प्राप्त जनशक्तिहरूलाई तयारी अवस्थामा रहन अभिमुखीकरण गरिनुका साथै गोदाम घरहरूबाट जिल्लास्तरमा राहत सामग्री तयारी स्वरूप पठाउने कार्य गरिएको छ ।

नेपाल रेडक्रस सोसाइटीबाट हालसम्म विपद् प्रभावित स्थानमा खोज तथा उद्धार र राहत वितरण लगायतका कार्यमा ४ सय ३५ जना स्वयंसेवक एवं कर्मचारीहरू सम्बन्धित जिल्ला तथा केन्द्रबाट परिचालन गरी तत्काल मानवीय सहायताका कार्यहरू सम्पन्न गरिएको छ । जस अन्तर्गत ८ सय ६३ परिवारलाई गैरखाद्य राहत सामग्रीहरू त्रिपाल, कम्बल, म्याट्रेस, कपडा, मर्यादा सामग्री सेट र १७४ परिवारलाई बहुउद्देश्यीय नगद (Multi Purpose Cash-MPC) वितरण गरिएको छ । साथै वडा तथा पालिकासँगको समन्वयमा ९ सय ३ परिवारलाई सुरक्षित स्थानान्तरण गरिनुका साथै ८ सय ५३ परिवारलाई तयारी तथा नियमित खाद्यान्न वितरणका लागि स्वयंसेवक परिचालन गरिएको नेपाल रेडक्रस सोसाइटीका जिल्ला शाखाहरूबाट जानकारी प्राप्त भएको छ।

आपत्कालीन र अन्य समयमा रेडक्रसबाट सहयोग र सल्लाह पाउनका लागि सम्पर्क गर्नुहोस् ।

यो नम्बरमा नेपाल टेलिकम र एनसेलबाट फोन गर्दा पैसा लाग्दैन ।

**११३०**

नेपाल रेडक्रस सोसाइटी

# सम्पादकीय

## सुरक्षित पानीको प्रयोग गरौं, पानीजन्य रोगबाट बचौं

वर्षायाममा धेरै ठाउँमा डुबान, बाढी तथा पहिरोले गर्दा पानीका स्रोतहरू दुषित हुन पुग्छन् । जसले गर्दा पानीजन्य रोगको संक्रमण बढ्ने गर्दछ । वर्षात्को समयमा दुषित् पानीका कारण हैजा, झाडापखाला, आउँ, जुका, कमलपित्त, टाइफाइड लगायतका सरुवा रोगहरूको संक्रमण बढ्ने गर्दछ । यसको एउटा प्रमुख कारण सुरक्षित पिउने पानीको अभाव र शुद्धीकरणका उपायहरूका बारेमा जानकारी र जनचेतनाको अभाव रहेको पाइन्छ ।

सुरक्षित पानीको कुरा गर्दा कतिपय व्यक्तिहरूमा पानी सफा देखिएमा प्रयोग गर्न मिल्छ भन्ने गलत धारणा रहेको पाइन्छ । पानीमा घुलित रूपमा पदार्थ, खनिज र सुक्ष्म जीवाणुहरू धेरै हुनसक्छन् जुन हाम्रो आँखाले देख्न सकिँदैन । त्यसैले पानी सफा देखिँदैमा प्रयोग गरिहाल्नु सुरक्षित हुँदैन, । शुद्धीकरणका विभिन्न घरेलु विधि अपनाएर सुरक्षित पानी प्रयोग गर्नुपर्ने हुन्छ ।

हामीले प्रयोग गर्ने पानीको स्रोतहरू कति सुरक्षित छ ? भनेर समयसमयमा गुणस्तर परीक्षण गर्नु अत्यन्तै आवश्यक हुन्छ । सुरक्षित पानीको पहुँच आधारभूत मानव अधिकारभित्र नै पर्दछ । शहरी क्षेत्रको कुरा गर्दा पानी उपलब्ध गराउने निकायले नै गुणस्तर परीक्षण गरेर वा शुद्धीकरण गरेर पठाउनुपर्दछ । तर नेपालको सन्दर्भमा अधिकांश समुदायहरूले मूल, कुवा र ट्युबेलको पानी प्रयोग गर्नु पर्ने बाध्यता छ । यी स्रोतहरूको पानी शुद्ध छ कि छैन भनेर ल्यावमा परीक्षण गर्न सकिन्छ र यो अत्यन्तै आवश्यक पनि छ । तर हामीसँग केही सीमितताहरू छन् सबै ठाउँमा प्रयोगशालाहरूको पहुँच छैन र आवश्यक परेको समयमा पानीको गुणस्तर सुनिश्चित गरी प्रयोग गर्न सक्ने अवस्था छैन । त्यसैले गर्दा यदि नयाँ कुवा वा ट्युवेलको पानी प्रयोग गरिँदैछ भने पहिला पानीको गुणस्तर परीक्षण गरेर मात्र प्रयोग गर्नुपर्दछ ।

विशेषगरी मनसुनको समयमा सम्भव भएसम्म एक दुई महिनामा पानीको गुणस्तर परीक्षण गर्नु अत्यन्तै आवश्यक हुन्छ । मनसुनका बेलामा बाहेक अरू समयमा यदि पानीमा दुर्गन्ध आयो वा धमिलो देखियो भने पनि आवश्यकता अनुसार परीक्षण गर्न सकिन्छ । पानी स्वच्छ छ कि छैन ? वा पिउन योग्य छ कि छैन ? भनेर पत्ता लगाउन जिल्लाका स्थानीय समुदायहरूले पानी शुद्धीकरण गर्ने प्रयोगशालाहरूको बारेमा थाहा पाइराख्नु आवश्यक छ । सरकारी र प्राईभेट गरी विभिन्न ल्यावहरूमा पानीको नमूना लिएर गई गुणस्तर परीक्षण गर्न सकिन्छ । विशेषगरी सरकारी प्रयोगशाला बढी विश्वसनीय हुने भएकोले नजिकैको जिल्ला खानेपानी कार्यालयका साथै प्राईभेट प्रयोगशाला र काठमाडौं युनिभर्सिटीको ल्यावबाट पनि पानीको गुणस्तर जाँच गर्न सकिन्छ ।

नेपाल रेडक्रस सोसाइटीसँग फिल्ड स्तरमा पानी परीक्षण गर्ने कीटहरू हुन्छन् । यदि आफु बस्ने समुदाय वरपर नेपाल रेडक्रस सोसाइटीको खानेपानीसम्बन्धी परियोजनाहरू चलिरहेका छन् भने पानीको नमूना लगेर परीक्षण गर्न सकिन्छ, यसका लागि नेपाल रेडक्रस सोसाइटीले सहयोग गर्नसक्छ । पानीलाई शुद्धीकरण गर्ने उपयुक्त विधि भनेको घरेलु विधि हो । घरेलु विधिद्वारा पानी शुद्धीकरण गरेर प्रयोग गरिएमा पानीजन्य रोगबाट बच्न सकिन्छ । उदाहरणका लागि पानीलाई उमाल्ने, सोडिस गर्ने (पानीलाई सिसा वा प्लाष्टिकको बोतलमा हालेर ७-८ घण्टासम्म घाममा राख्ने), क्लोरिन प्रयोग गर्ने र फिल्टरको प्रयोग गरेर पानी शुद्धीकरण गर्न सकिन्छ ।

यसर्थ वर्षातको समय सुरू भएपछि धेरै पानीजन्य रोगहरू देखिने भएकोले आफूले प्रयोग गर्ने पानी विभिन्न घरेलु विधि अपनाई शुद्ध बनाएर मात्र पिउने गरौं । अर्को कुरा शहरी क्षेत्रमा विभिन्न कम्पनीका पानीका जारहरू प्रयोग भैइरहेका छन् । यी पानीका जारहरू प्रयोग गर्नुभन्दा अगाडि सील भए नभएको सुनिश्चित गरेर मात्र प्रयोग गर्ने गरौं । स्वच्छ र सुरक्षित पानी पिऔं स्वस्थ र गुणस्तरीय जीवन जिऔं ।

प्रधान सम्पादक : भूपतिलाल श्रेष्ठ
कार्यकारी सम्पादक : बिपुल न्यौपाने
सहायक सम्पादक : नरेन्द्र श्रेष्ठ

## कैलालीमा परियोजना शुभारम्भ

ललितपुर । "जीविकोपार्जन र जैविक विविधताका लागि समुदायहरूलाई सशक्तिकरण : नेपालमा वातावरणीय ह्रास र गरिबी विरुद्ध लड्न प्रकृतिमा आधारित समाधान (Empowering Communities for Livelihoods and Biodiversity : Nature–based solution to combat environmental degradation and poverty in Nepal)" नामक परियोजनाको शुभारम्भ गरिएको छ ।

राष्ट्रिय प्रकृति संरक्षण कोष, नेपाल रेडक्रस सोसाइटी, ब्रिटिस रेडक्रस सोसाइटी र Jersey Overseas Aid (JOA) को साझेदारीमा सञ्चालन हुने यो परियोजना कैलाली जिल्लाका ५ वटा स्थानीय पालिकाहरूमा सन् २०२८ को जुलाईसम्म सञ्चालन गरिने छ ।



प्रकृतिमा आधारित समाधानसहित समुदायको जीविकोपार्जनमा सहयोग, लोपन्मुख प्रजाति सालक र डल्फिनको संरक्षण लगायतका क्षेत्रहरूमा काम गर्ने लक्ष्य रहेको छ । परियोजनाको शुभारम्भ कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी, ब्रिटिश रेडक्रस सोसाइटी, नेपाल रेडक्रस सोसाइटी कैलाली जिल्ला शाखा र राष्ट्रिय प्रकृति संरक्षण कोषका विशिष्ट प्रतिनिधि र कर्मचारीको उपस्थिति रहेको थियो ।



कार्यक्रममा राष्ट्रिय प्रकृति संरक्षण कोषका सदस्य सचिव डा. नरेश सुवेदी, विभागीय प्रमुख डा. मनिश राज पाण्डे, वरिष्ठ अधिकृत अम्बिकाप्रसाद खतिवडा, बर्दिया संरक्षण परियोजना र शुक्लाफाँटा संरक्षण परियोजनाका परियोजना प्रमुखहरू, नेपाल रेडक्रस सोसाइटीका महामन्त्री भूपतिलाल श्रेष्ठ, कार्यकारी निर्देशक उमेशप्रसाद ढकाल, विपद् व्यवस्थापन विभागका निर्देशक सागर श्रेष्ठ, कैलाली जिल्ला शाखाका मन्त्री लोकराज जोशी, ब्रिटिश रेडक्रस एशिया प्रशान्तका क्षेत्रीय प्रमुख राजेश श्रीवास्तव, नेपाल कार्यालय प्रमुख कृति रे र सिनियर टेक्निकल कोअर्डिनेटर सुरेन्द्रबहादुर बमलगायत तीनै वटै संस्थाका कर्मचारीहरूको सहभागिता रहेको थियो । परियोजना शुभारम्भ कार्यक्रमका बृक्षारोपण पनि गरिएको थियो ।



**रक्तदान गर्नुहोस् ताकि अन्य मानिसहरुलाई पनि त्यसो गर्न प्रोत्साहन मिलोस् ।**

● *"विवाह वा ब्रह्मचर्य, मानिस चाहे जुन बाटो चुनोस् अन्तिममा पछुतो नै हुन्छ ।" –शुकरात*

# निःशुल्क रक्त सेवाका लागि प्रदेश सरकारले सक्दो सहयोग पुऱ्याउनेछ ।

**किरण थापा मगर, स्वास्थ्य मन्त्री, बागमती प्रदेश**

काठमाडौं, साउन १२ गते । नेपाल रेडक्रस सोसाइटी रक्तसञ्चार सेवाको ५९औं स्थापना दिवस विशेष कार्यक्रमका साथ मनाइएको छ । भृकुटीमण्डपस्थित केन्द्रीय रक्तसञ्चार सेवाको नवनिर्मित भवनमा आयोजित सो कार्यक्रमको शुभारम्भ बागमती प्रदेशका स्वास्थ्य मन्त्री किरण थापा मगरले गर्नुभएको थियो ।

कार्यक्रममा बोल्दै स्वास्थ्य मन्त्री थापा मगरले विपद् तथा महामारीको समयमा नेपाल रेडक्रसले गरेका गतिविधिहरू प्रशंसनीय रहेको बताउनुभयो । उहाँले नेपाल रेडक्रसको रक्तसञ्चार सेवाले लाखौं मानिसको जीवन बचाएको बताउँदै बागमती प्रदेश सरकारले निःशुल्क रगतका लागि सक्दो सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।









नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष प्रा.सुदर्शनप्रसाद नेपालले 'सुलभ, गुणस्तरीय र मर्यादित सेवा : नेपालको रक्तसञ्चार सेवा' को मूल भावनालाई कार्यान्वयनमा लैजान र नेपाल सरकारले रेडक्रसलाई दिएको जिम्मेवारी पूरा गर्न नेपाल रेडक्रस सोसाइटी प्रतिबद्ध रहेको बताउनुभयो ।

नेपाल रेडक्रस सोसाइटीका उपमहामन्त्री एवं रक्तसञ्चार सेवा व्यवस्थापन समितिका संयोजक मनोजकुमार थापाको सभापतित्वमा भएको सो कार्यक्रममा नेपाल रेडक्रस सोसाइटीका उपाध्यक्ष राधा नेपाली र महामन्त्री भूपतिलाल श्रेष्ठले रक्तसञ्चार सेवा सञ्चालनमा सहयोग पुऱ्याउने सबैमा धन्यवाद व्यक्त गर्नुभयो ।

ब्लड डोनर्स एशोसियसनका केन्द्रीय अध्यक्ष सानुबाबु प्रजापतिले नेपाल रेडक्ससँगको सहकार्यमा रगतको सहज व्यवस्थापनमा निरन्तर लागि रहेको र यसलाई निरन्तरता दिने प्रतिबद्धता जनाउनुभयो ।

कार्यक्रममा नेपाल रेडक्रस सोसाइटीका कार्यकारी निर्देशक उमेशप्रसाद ढकालले आर्थिक वर्ष २०८०/८१ मा रेडक्रसले दुई लाख ९४ हजार चार सय ७७ युनिट रगत सङ्कलन र रगत तथा रक्ततत्व सहित ४ लाख ६ हजार दुई सय ७१ युनिट बिरामीलाई उपलब्ध गराएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो," नेपाल रेडक्रस सोसाइटीद्वारा सञ्चालित रक्तसञ्चार सेवा केन्द्रले वि.सं.२०७२ वैशाख १२ को विनाशकारी भूकम्प बेला र कोभिड महामारीका समयमा पनि आफ्नो सेवालाई जारी राख्न सफल भएको थियो ।" कार्यकारी निर्देशक ढकालले अगामी दिनमा यो सेवालाई थप चुस्त बनाइने जानकारी दिनुभयो ।

कार्यक्रममा वर्षभरिमा रक्तदान एवं रक्तदान कार्यक्रम आयोजना गर्ने संघसंस्थाहरूलाई विभिन्न विधामा सम्मान गरिएको थियो । यसैगरी कार्यक्रममा केन्द्रीय रक्तसञ्चार व्यूरोकी प्रमुख डाक्टर रेखा मानन्धर, नेपाल रेडक्रस सोसाइटीका कोषाध्यक्ष बीर बहादुर बस्नेत, नेपाल रेडक्रस केन्द्रीय कार्यसमितिका सदस्यहरू, नेपाल रेडक्रस सोसाइटी बागमती प्रदेश, जिल्ला शाखाका सभापति, मन्त्री तथा प्रतिनिधिहरू, युवा रेडक्रस सर्कलका प्रतिनिधि, रक्तदाता, रक्तदान कार्यक्रम आयोजना गर्ने संघसंस्थाका प्रतिनिधि, पत्रकारलगायत नेपाल रेडक्रस सोसाइटीका कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

नेपाल रेडक्रस सोसाइटी (नेरेसो) स्थापना भएको तीन वर्षपछि अर्थात् २०२३ साउन १२ गते नेपाल रेडक्रस रक्तसञ्चार सेवा सञ्चालन प्रारम्भ भएको हो ।

IFRC
Giving blood is a life-saving act of solidarity. Join the effort and save lives.

रक्तदान जीवन बचाउने ऐक्यवद्धताको कार्य हो । यस अभियानमा सामेल हुनुहोस् र जीवन बचाउनुहोस् ।

नेपाल रेडक्रस सोसाइटी

## विपद् व्यवस्थापनका गतिविधि

# आपत्कालीन प्रतिकार्य समूह तालिम

नेपाल रेडक्रस सोसाइटी रुकुम पश्चिम जिल्ला शाखाद्वारा सञ्चालित समुदायमा आधारित आपत्कालीन प्रतिकार्य समूह (Community Based Emergency Team–CBERT) तालिम सम्पन्न भएको छ ।

रेडक्रस तथा रेडक्रिसेण्ट सोसाइटीहरूको अन्तर्राष्ट्रिय महासंघ (आईएफआरसी) तथा विभिन्न साझेदार राष्ट्रिय सोसाइटीहरूको आर्थिक तथा प्राविधिक सहयोगमा नेपाल रेडक्रस सोसाइटी रुकुम पश्चिम जिल्ला शाखाद्वारा सञ्चालित कर्णाली भूकम्प पुनर्लाभ कार्यक्रममार्फत् तालिमको आयोजना गरिएको हो ।



तालिममा सानीभेरी तथा त्रिवेणी गाउँपालिका ९ र १० साथै सानीभेरी गाउँपालिका ४ का वडा प्रतिनिधि, वडा विपद् व्यवस्थापन समिति, स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र, विद्यालय शिक्षक, रेडक्रस स्वयंसेवकहरू तथा जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र, उपशाखा तथा जिल्ला शाखाका प्रतिनिधिहरू गरी २५ जनाको सहभागिता रहेको थियो ।

# सरसफाइ प्रबर्द्धनका लागि अभिमुखीकरण

**जाजरकोट** : नेपाल रेडक्रस सोसाइटी जाजरकोट जिल्ला शाखाले जिल्लाको भूकम्प प्रभावित भेरी नगरपालिकाको १, २ र ३ नम्बर वडाका समुदाय स्तरमा स्वास्थ्य, सरसफाइ प्रबर्द्धन अभिमुखीकरण सम्पन्न भएको छ ।

नेपाल रेडक्रस सोसाइटीबाट सञ्चालित कर्णाली भूकम्प पुनर्लाभ कार्यक्रमको आयोजनामा भएको अभिमुखीकरण कार्यक्रममा ३ वटा वडाका स्थानीयहरूको सहभागिता रहेको थियो । प्रजनन् स्वास्थ्य तथा अन्य स्वास्थ्य समस्याहरूबाट बच्ने उपायका बारेमा स्थानीय स्वास्थ्य संस्थाका प्रतिनिधिहरूले सहजीकरण गर्नुभएको थियो । विभिन्न २० वटा अभिमुखीकरण कार्यक्रममार्फत् ६०० जनालाई स्वास्थ्य तथा सरसफाइसम्बन्धी जानकारी प्रदान गरिने लक्ष्य रहेको जाजरकोट जिल्ला शाखाले जनाएको छ ।



# तातो हावा प्रतिकार्य योजनाको तयारी

बिराटनगर महानगरपालिकाले तातो हावा प्रतिकार्य योजनाको पहिलो प्रारूप तयार गरेको छ ।

रेडक्रस तथा रेडक्रिसेण्ट सोसाइटीको अन्तर्राष्ट्रिय महासंघ (आईएफआरसी), क्लाइमेट सेन्टर तथा फिनिस रेडक्रस र नेपाल रेडक्रस सोसाइटीको प्राविधिक सहयोगमा उक्त योजना तयार भएको हो ।

मोरङ जिल्लाको बिराटनगरमा आयोजित कार्यक्रममा उक्त प्रारूपलाई नेपाल रेडक्रस सोसाइटीको तर्फबाट केन्द्रीय सदस्य एवं विपद् तथा संकट व्यवस्थापन समितिका संयोजक बिनोदकुमार बस्नेत तथा मोरङ जिल्ला शाखा सभापति सुवोध सिंहले बिराटनगर महानगरपालिकाका नगरप्रमुख नागेश कोइरालालाई हस्तान्तरण गर्नुभएको थियो ।

कार्यक्रममा बोल्दै बिराटनगर महानगरपालिकाका नगरप्रमुख नागेश कोइरालाले मानवीय क्रियाकलापकै कारण विश्वभर तापक्रम बढेको कुरा आत्मसात गर्दै अब यसबाट पर्ने प्रभावलाई न्यूनीकरणका लागि हामी सबैले आ-आफ्नो क्षेत्रबाट काम गर्नुपर्ने बताउनुभयो ।

नेपाल रेडक्रसका केन्द्रीय सदस्य विनोद कुमार बस्नेतले तातो हावाबाट पहिले प्रभावित हुने भनेको आर्थिक स्तर कमजोर भएका र बाटोमा रिक्सा, ठेलागाडा चलाउने, मकै पोलेर जीविकोपार्जन गर्ने लगायतका समुदाय भएकाले उनीहरूलाई ध्यान दिएर योजनाहरू बनाइएको बताउनुभयो । उहाँले देशका अन्य शहरहरूमा पनि यस्तो योजना बनाउन सहयोग गर्न रेडक्रस तयार रहेको बताउनुभयो ।

मस्यौदालाई अझै परिस्कृत गरी लागु गर्ने महानगरपालिकाले जनाएको छ । त्यसका लागि सरोकारवाला निकायको पृष्ठपोषण लिने कार्य पनि सोही कार्यक्रममार्फत सुरु गरिएको छ ।



## रक्तसञ्चार सेवा स्थापना दिवसमा विविध कार्यक्रमहरूको आयोजना

**काठमाडौं** : युवा रेडक्रस सर्कल नेपाल कमर्स क्याम्पसको आयोजना र लायन्स क्लव अफ काठमाडौं देउराली दियालोको सहयोगमा नेपाल कमर्स क्याम्पसको प्राङ्गणमा सम्पन्न वृहत् रक्तदान कार्यक्रममा १३५ जनाले रक्तदान गर्नुभएको छ ।

**दाङ** : नेपाल रेडक्रस सोसाइटी दाङ जिल्ला शाखाले रक्तसञ्चार केन्द्र घोराहीलाई सहयोग पुऱ्याउने व्यक्ति तथा संघ, संस्थाहरूलाई कदरपत्रसहित सम्मान गरेको छ ।

**धरानः** बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा बिरामीको उपचार र शल्यक्रिया नियमित रूपमा सुचारु गराउनका नेपाल रेडक्रस सोसाइटी सुनसरी जिल्ला शाखाद्वारा धरानमा आकस्मिक रक्तदान कार्यक्रमको आयोजना गरिएको थियो । सो कार्यक्रममा १०३ युनिट रगत सङ्कलन भएको थियो ।

**गुल्मी** : आर्थिक वर्ष २०८०/८१ मा धेरै रगत सङ्कलन गरी उपलब्ध गराउने गुल्मीको चन्द्रकोट गाउँपालिकालाई नेपाल रेडक्रस सोसाइटी रुपन्देही जिल्ला शाखाले सम्मान गरेको छ । चन्द्रकोटले सरकारी निकायमा सबैभन्दा बढी १४० युनिट रगत संकलन गरी उपलब्ध गराएको थियो । कार्यक्रममा वर्षभरिमा १ सय युनिटभन्दा बढी रगत उपलब्ध गराउने संस्थाहरूलाई सम्मान गरिएको थियो ।

**कैलाली** : नेपाल रेडक्रस सोसाइटी कैलाली जिल्ला शाखाले धनगढी नगरवासीलाई निःशुल्क रगत उपलब्ध गराउने गरी धनगढी उपमहानगरपालिकासँग सम्झौता गरेको छ ।

सम्झौताअनुसार उपमहानगरपालिकाभित्र स्थायी बसोबास भएका बिरामीले चिकित्सकको सिफारिसमा रेडक्रसबाट निःशुल्क रगत पाउने छन् । नगरवासीले प्रयोग गरेको रगत परीक्षणमा लाग्ने शुल्क रेडक्रसलाई उपमहानगरपालिकाले तिर्ने सम्झौता भएको धनगढी उपमहानगरपालिकाका प्रमुख गोपाल हमालले बताउनुभयो ।

चालु आर्थिक वर्षका लागि उपमहानगर र शाखा बीच निःशुल्क रगत उपलब्ध गराउने सम्झौता भएको छ ।



**कास्की** : नेपाल रेडक्रस सोसाइटी कास्की जिल्ला शाखाले पोखराको सिर्जनाचोकस्थित ब्लड बैंकको मूल भवनबाट प्रदेश स्तरको रक्तसञ्चार सेवा प्रदान गर्न थालेको छ । रेडक्रस कास्कीले यसअघि पोखरा स्वास्थ्य विज्ञान परिसरबाट रक्तसञ्चार सेवा प्रदान गर्दै आएको थियो ।

गण्डकी प्रदेशका कार्यवाहक मुख्यमन्त्री विन्दुकुमार थापाले सो भवनमा रहेको प्रयोगशाला सेवाको उद्घाटन गर्नुभएको थियो । बिभिन्न क्षेत्रको सहयोगमा ७ करोड ३२ लाख १३ हजार ७ सय ५८ रुपैयाँको लागतमा अपाङ्गमैत्री लिफ्टसहितको अत्याधुनिक ब्लड बैंकको मुल भवन निर्माण गरिएको हो । अण्डर ग्राउन्ड पार्किङसहित ३ तले बहुउद्देश्यीय भवनमा आवश्यक उपकरणसहितको गुणस्तरीय रक्तसञ्चार सेवाका लागि करिब ६ करोडको बराबरको उपकरण जडान गरिएको छ ।

### बिरामीको लागि रक्तसञ्चार केन्द्रबाट रगत लिइसकेपछि ध्यान दिनुपर्ने कुराहरू:

- रगत लिइसकेपछि नबिसाइकन तुरून्त अस्पताल पुऱ्याउनुहोस् ।
- टाढा लैजानु छ भने आइसबक्स भए आइसबक्स नभए अन्य थर्मसजस्तो भाँडो किन्नु होस् र बरफमा राखेर लैजानुहोस् ।
- अस्पताल पुऱ्याउने बितिकै रेफ्रिजरेटरमा राख्न अस्पतालका सम्बन्धित कर्मचारीलाई दिनुहोस् ।
- तपाईले लैजानु भएको रगत तुरून्त प्रयोग नभएमा रक्तसञ्चार केन्द्रमा फिर्ता ल्याउनुहोस् ।
- रगतको झोलालाई नथिच्नुहोस्, जहाँ पायो त्यहाँ नराख्नुहोस् ।

**याद गर्नुहोस्, रगतमा भएको ब्लड सेल मऱ्यो भने अथवा संक्रमण भयो भने बिरामीलाई खतरा हुनसक्छ ।**

## संगठन विकास र सामुदायिक संलग्नताका बारेमा अभिमुखीकरण

नेपाल रेडक्रस सोसाइटी मानवीय मूल्य तथा सञ्चार विभाग अन्तर्गत ब्रिटिश रेडक्रसको आर्थिक तथा प्राविधिक सहयोगमा सञ्चालित संगठन विकास र सामुदायिक संलग्नतासम्बन्धी अभिमुखीकरण कार्यक्रम सल्यानको दार्मा गाउँपालिकामा सम्पन्न भएको छ ।

कार्यक्रममा रेडक्रसबाट आगामी समयमा गरिने गतिविधिहरू, सामुदायिक संलग्नतासम्बन्धी नीति, निर्देशिका, व्यवहार परिवर्तन सञ्चार निर्देशिका र फिडब्याक र गुनासो व्यवस्थापनको बारेमा जानकारी प्रदान गरिएको थियो । कार्यक्रममा गुनासो र सुझाव संकलन गर्न उपशाखास्तरमा गुनासो व्यवस्थापन समिति र गुनासो सुन्ने अधिकारी समेत चयन गरिएको छ ।

कार्यक्रममा दार्मा उपशाखा कार्यसमिति, कर्णाली भूकम्प पुनर्लाभ कार्यक्रमका कर्मचारी, दार्मा गाँउपालिकाका प्रतिनिधि गरी २३ जनाको सहभागिता रहेको थियो ।



नेपाल रेडक्रस सोसाइटी दार्मा उपशाखाका सभापति अनन्तप्रसाद शर्माको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा जिल्ला शाखाका मन्त्री इन्द्र शर्माको उपस्थिति रहेको थियो । कार्यक्रमको सहजीकरण मानवीय मूल्य तथा सञ्चार विभागका वरिष्ठ अधिकृत सन्तोष न्यौपाने र ब्रिटिश रेडक्रसका वरिष्ठ सामुदायिक संलग्नता तथा जवाफदेहिता अधिकृत गीता पाण्डेले गर्नुभएको थियो ।

# जुनियर युवा गतिविधि



जापानिज रेडक्रसबाट युथ एक्सचेञ्ज भिजिट कार्यक्रम अन्तर्गत नेपाल भ्रमणमा आएका जापानी युवाहरूलाई नेपाल रेडक्रस सोसाइटीको केन्द्रीय कार्यालयमा एक कार्यक्रमको आयोजना गरी स्वागत गरिएको छ ।

जापानिज रेडक्रसको १२ सदस्यीय युवा टोलीलाई नेपाल रेडक्रस सोसाइटीका उपमहामन्त्री मनोज थापा र केन्द्रीय जुनियर तथा युवा समितिका संयोजक विष्णुराज नेपालले रेडक्रस क्याप र खादा लगाइ सम्मान गर्नुभएको थियो ।

कार्यक्रममा जापानी युवा टोलीको स्वागतका क्रममा सोसाइटीका उपमहामन्त्री थापाले यस भ्रमणका क्रममा जापानी रेडक्रस र नेपाल रेडक्रसका युवाहरूबीच हुने अनुभवको आदानप्रदान र अन्तर्क्रियाले विशेष महत्व राख्ने बताउँदै दुई राष्ट्रिय सोसाइटीको सहकार्यमा सञ्चालन भएका गतिविधिहरूमा युवाहरूको महत्वपूर्ण भूमिका रहेको पनि बताउनुभयो ।

कार्यक्रममा बोल्दै केन्द्रीय जुनियर तथा युवा समितिका संयोजक विष्णुराज नेपालले रेडक्रसद्वारा सञ्चालित हरेक सेवा तथा विकासमूलक गतिविधिहरूमा जुनियर युवाको योगदानको सराहना गर्नुभयो ।

कार्यक्रममा कार्यकारी निर्देशक उमेशप्रसाद ढकालले नेपाल रेडक्रस सोसाइटीको सांगठनिक पक्ष, जुनियर युवा रेडक्रसको उद्देश्य र क्षेत्रका बारेमा जापानी टोलीलाई जानकारी गराउनु भएको थियो ।

भ्रमण टोलीका युवाहरूले जापानी रेडक्रसद्वारा सञ्चालित ब्लड सर्भिसका साथै भूकम्प र सुनामीलगायतका विपद्का बेला जापानी युवाहरूबाट पुऱ्याइएका सेवाका बारेमा जानकारी गराएका थिए । केन्द्रीय जुनियर तथा युवा समितिका संयोजक विष्णुराज नेपालको संयोजकत्वमा सञ्चालित सो कार्यक्रम जुनियर युवा विभागका निर्देशक धर्मदत्त विडारीले सञ्चालन गर्नुभएको थियो ।

नेपाल रेडक्रस सोसाइटीका कोषाध्यक्ष बीर बहादुर बस्नेतका साथै जुनियर युवा विभाग र सञ्चार विभागका कर्मचारीहरूको पनि सहभागिता रहेको थियो । जापानी युवा टोलीले नेपाल रेडक्रस सोसाइटीको केन्द्रीय कार्यालयका साथै केन्द्रीय रक्तसञ्चार सेवा केन्द्रको अवलोकन गर्नुभएको छ । यस्तै टोलीले काठमाडौंको थापाथली क्याम्पसका युवाहरूसँग अन्तर्क्रियाका साथै धादिङमा सञ्चालित रेडक्रस गतिविधिहरूको अवलोकन भ्रमण गरेको छ ।

## प्राथमिक उपचार तालिम सम्पन्न

नेपाल रेडक्रस सोसाइटी नगरकोट उपशाखाको समन्वय, भक्तपुर जिल्ला शाखाको प्राविधिक सहयोग र जुनियर रेडक्रस सर्कल क्वालिटी ईंगलिस सेकेण्डरी स्कूलको आयोजनामा विद्यालय स्तरीय प्राथमिक उपचार तालिम सम्पन्न भएको छ ।



हैजा र डेंगु सुरक्षाका विषयमा नेपाल रेडक्रस सोसाइटी ठैव उपशाखाद्धारा ललितपुरको गोदावरीमा आयोजित जनचेतनामूलक कार्यक्रम ।

मनुसुनी वर्षाका कारण फैलिएको हैजाको संक्रमणबाट हालसम्म ५६ जना प्रभावित भएका छन् । हैजाका कारण हालसम्म ललितपुर, काठमाडौं, प्यूठान र कैलाली जिल्लाहरू प्रभावित भएका छन् ।

त्यस्तै डेंगु देशका ७४ जिल्लामा देखा परेको छ । यसका कारण हालसम्म २ जनाको मृत्यु र ४ हजार १७ जना प्रभावित भएका छन् ।

**नियमितरूपमा रक्तचाप जाँच गराऔ । उच्च रक्तचाप देखिए चिकित्सकको सल्लाह अनुसार नियमित रूपमा नछुटाईकन औषधिको सेवन गरौ ।**

## झाडापखाला, हैजा र डेँगीबाट बचौं

**अविरल भइरहेको वर्षाले झाडापखला, हैजा र डेंगीको खतरा बढेको छ । तसर्थ, झाडापखला र हैजाबाट बच्न:**

- सधैं पानी उमालेर वा क्लोरिन झोल प्रयोग गरेर मात्र पिऔं,
- व्यक्तिगत सरसफाई (विशेष गरी हातको सरसफाई) मा ध्यान दिऔं
- बासी सढेगलेका खानेकुरा नखाऔं,
- खानालाई छोपेर राखौं,
- काँचै खान मिल्ने फलफूल र तरकारीको सरसफाईलाई विशेष ध्यान पुर्याऔं



**साथै खुल्ला रूपमा दिसापिसाब नगरौं, चर्पीको अनिवार्य प्रयोग गरौं र दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचि मिचि हात धोऔं ।**

**साथै एडीस जातका लामखुट्टेको (कालो-सेतो छिर्केमिर्के देखिने) टोकाईबाट सर्ने डेंगी रोगबाट बच्न:**



- आफ्नो घर वरपर तथा कार्यस्थलमा सफा पानी जमेको ठाउँमा लामखुट्टेले फूल पार्ने भएको हुँदा पानी जम्न नदिऔं
- घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हालौं,
- जुनसुकै बेला सुत्दा झुलको प्रयोग गरौं,
- पुरै शरिर ढाक्ने लुगा लगाऔं र सचेत रहौं।

**साथै खाद्यान्न तथा खानेपानी वितरक सम्पुर्ण सरोकारवाला निकाय तथा व्यवसायीहरुलाई सचेत रहन अनुरोध गर्दछौं ।**

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

नेपाल रेडक्रस सोसाइटी

लामखुट्टेको टोकाइबाट हुनेडेंगुका बिरामी बढिरहेकोले

# सरकारले रक्त परीक्षणमा लाग्ने शुल्क उपलब्ध गराए रगत निःशुल्क वितरण गर्न सकिन्छ । **मनोजकुमार थापा, उपमहामन्त्री, नेरेसो**

*नेपाल रेडक्रस सोसाइटीको रक्तसञ्चार सेवा स्थापना भएको यही साउन १२ गते ५९ औं स्थापना दिवस मनाइएको छ। यसै अवसरमा रक्तसञ्चार सेवाको पहुँच, गुणस्तरीयता, सुरक्षा र स्थानीय निकायसँगको सहकार्यमा सञ्चालन भइरहेको निःशुल्क रगत उपलब्ध गराउने अभियानका साथै भावी कार्य योजनाका बारेमा सोसाइटीका उपमहामन्त्री एवं रक्तसञ्चार व्यवस्थापन समितिका संयोजक मनोजकुमार थापासँग सञ्चार अधिकृत कृष्ण नेपालले गर्नुभएको कुराकानीको सार संक्षेपः*

**हालै रक्तसञ्चार सेवाको स्थापना दिवस मनाइएको छ । दिवस यस वर्ष कसरी मनाइयो ?**

रक्तदान कार्यक्रम आयोजना गर्न सक्रिय रूपमा लाग्ने संघ, संस्थाहरूलाई सम्मानका लागि विशेष कार्यक्रम आयोजना गरी यस वर्षको रक्तसञ्चार सेवा स्थापना दिवस मनाइयो ।

**रक्तसञ्चार सेवाका क्षेत्रमा पछिल्लो समयमा के-कस्ता प्रगति र उपलब्धिहरु भएका छन् ?**

यो सेवा सञ्चालनको शुरुवाती चरणमा बिरामीलाई आवश्यक रगत आपूर्ति गर्न रगतको किनबेच हुने गर्दथ्यो । त्यसलाई २०४८ सालबाट विधिवत रूपमा व्यवस्थित तवरबाट शतप्रतिशत स्वयंसेवी रक्तदाताहरूबाट रगत सङ्कलन गरी किनबेचको प्रथालाई पूर्ण रूपमा अन्त्य गरियो । यसलाई उपलब्धिको रूपमा लिन सकिन्छ ।

नेपाल रेडक्रस सोसाइटीले हाल ७३ जिल्ला र ५ प्रदेशबाट सेवा प्रवाह गरिरहेको छ र निकट भविष्यमै सतहत्तरै जिल्ला र सातै प्रदेशबाट सेवा शुरु गर्ने योजनासहित सोसाइटी लागिरहेको छ ।

**नेपाल रेडक्रस सोसाइटीको रक्तसञ्चार सेवाको कुरा गर्दा रगतको गुणस्तर र सुरक्षाको विषयमा बेला बखतमा सञ्चार माध्यमहरुले प्रश्न उठाउने गरेका छन्, यस विषयमा प्रष्ट पारिदिनुहोस् न ।**

नेपाल रेडक्रस सोसाइटीले सुरक्षित रगत आपूर्ति गराउन विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ) को मापदण्ड बमोजिम नै रगत सङ्कलन र परीक्षणपश्चात गुणस्तर कायम गर्दै वितरण गरिरहेको छ । कुनै पनि अस्पताल तथा रगत आवश्यक पर्ने बिरामीका व्यक्तिहरूबाट हाम्रा रक्तसञ्चार सेवा केन्द्रबाट वितरण भएको रगत प्रयोग गर्न नमिल्ने भन्ने विषयमा कुनै कुरा आएको छैन । आन्तरिक र वाह्य परीक्षणमार्फत् पनि हामीले डब्ल्युएचओको मापदण्डबमोजिम रगतको गुणस्तर कायम राखिरहेका छौं । रगतको गुणस्तर कायम गर्न हामी प्रतिवद्ध र कटिबद्ध छौं ।

**रक्तसञ्चार सेवाको अर्को जल्दोबल्दो विषय भनेको निःशुल्क रगत वितरण नै हो । यसका लागि नेपाल रेडक्रस सोसाइटी, स्थानीय तह र प्रदेशको सहकार्यमा अहिले देशका विभिन्न स्थानमा निःशुल्क रगत वितरण अभियान चलिरहेको छ । यसलाई अझ प्रभावकारी र देशव्यापी बनाउन यहाँहरूको पहल कस्तो रहेको छ ?**

निःशुल्क रगत वितरणका लागि नेपाल रेडक्रस सोसाइटीले सक्दो कार्य गरिरहेको छ । यसको लागि सबैको सहयोग आवश्यक छ । यसका लागि सरकारी निकायबाट पनि उत्तिकै सहकार्यको आवश्यकता पर्दछ । अहिले हाम्रा स्थानीय तह र प्रदेश सरकारसँग सहकार्य भइरहको छ । तर केही जिल्ला र पालिकाहरुमा मात्र यो अभियान चलेको छ । अब सबै प्रदेश, जिल्ला, पालिकाहरूसँग समन्वय र सहकार्य गरी निःशुल्क रगत उपलब्ध गराउने अभियानमा अझ तदारुकताका साथ लाग्नु जरुरी छ ।

आम सर्वसाधारणलाई लाग्न सक्छ रक्तदाताले रगत निःशुल्क दिएका हुन्छन् तर हामी किन शुल्कका कुरा गरिरहेका छौं । शुल्क किन तिर्नु पर्छ ? रक्तदाताले निःशुल्क दान गरेको रगत बिरामीका मान्छेले किन शुल्क तिरेर लिनुपर्छ ? यस्ता विषमा हामी सबैले जान्नु जरुरी छ । रक्तदाताबाट रगत लिँदा प्रयोग हुने रक्तथैली, परीक्षण, कीट र प्राविधिक सेवाका लागि मात्र शुल्क लाग्ने हो । रगतको त कुनै मूल्य हुँदैन र यो निःशुल्क नै छ । नेपाल सरकारसँग हामीले गरेको अनुरोध पनि यही हो । नागरिकका लागि सरकारले रक्त परीक्षणमा लाग्ने शुल्क उपलब्ध गराए रगतका लागि कसैले शुल्क तिर्नु पर्दैन ।

**हामीले भरखरै ५९औं रक्तसञ्चार सेवा स्थापना दिवस मनाएका छौं । रक्तसञ्चारका क्षेत्रमा तपाईंले देख्नु भएको चुनौती र समस्याहरू केकस्ता रहेका छन् ?**

नेपाल रेडक्रस सोसाइटीले देशैभरका लागि रगत सङ्कलन र वितरण गर्ने जिम्मेवारी पाएको छ । कहिले काहिँ माग र आपूर्ति बीचमा सन्तुलन कायम गर्न नसक्दा बिरामीका आफन्तहरूमा निराशा थपिन्छ । यो हाम्रा लागि चुनौतीको विषय हो । रगत अभाव भएको अवस्थामा हामीले विकल्प दिन पनि सक्दैनौं । यसले पनि जनमानसमा निराशा सिर्जना गराउन सक्छ । त्यस्तै चुनौतीको विषयमा कुरा गर्दा शतप्रतिसत निःशुल्क रगत उपलब्ध गराउन सबै कुरालाई व्यवस्थित गर्दै अगाडि बढ्नुपर्ने अवस्था छ । तर हरेक समस्या र चुनौतीहरूलाई समाधान गर्दै गुणस्तरीय सेवा प्रदान गर्न नेपाल रेडक्रस सोसाइटी प्रतिवद्ध छ ।

**रक्तसञ्चार सेवा नेपाल रेडक्रस सोसाइटीको मुख्य गतिविधिहरू मध्ये एक हो । यसलाई अझ प्रभावकारी बनाउन यहाँहरूको भावी योजना कस्तो छ ?**



सबैभन्दा ठूलो कुरा त रगतको गुणस्तर नै हो । यसलाई व्यवस्थित, सहज र सुलभ बनाउन गर्नुपर्ने धेरै कुराहरू छन् । हामी निकट भविष्यमा नै काठमाडौंको भृकुटीमण्डपस्थित अत्याधुनिक सुविधायुक्त भवनबाट सेवा सुचारु गर्न गइरहेका छौं । रगत आवश्यक पर्ने व्यक्तिलाई सजिलै उपलब्ध गराउन सकियोस्, कोही रगत नपाएर फर्कनु नपरोस् र शुल्क तिर्न नसक्नेहरूलाई निःशुल्क रगत उपलब्ध गराउने योजना हामीले बनाएका छौं ।

तालिमप्राप्त प्राविधिक र आधुनिक प्रविधियुक्त प्रयोगशालामार्फत् सङ्कलित रगतको गुणस्तर कायम गर्दै वितरण गर्ने गरेका छौं र यसलाई अझ प्रभावकारी बनाइ निरन्तरता दिनेछौं । प्रदेश र जिल्ला शाखाहरूमा रहेका रक्तसञ्चार सेवाहरूमा पनि एकरूपता कायम गर्दै नयाँ प्रविधियुक्त गुणस्तरीय सेवा दिन हामी लागिरहेका छौं ।

**अन्त्यमा आम पाठकलाई नेरेसोको उपमहामन्त्रीको हैसियतले के भन्न चाहनुहुन्छ ?**

रगत संकलनदेखि वितरण गर्ने कार्यमा गुणस्तर कायम राख्न नेपाल रेडक्रस सोसाइटी प्रतिवद्ध छ । यसलाई अझ व्यवस्थित, अत्याधुनिक र प्रविधिमैत्री बनाउन हामी व्यवस्थापकीय भूमिका निर्वाह गरिरहेका छौं । तर मुख्य रूपमा पर्याप्त मात्रामा रगत संकलन चुनौतीपूर्ण भएको हुँदा सम्पूर्ण स्वस्थ एवं वयस्क व्यक्तिहरूलाई रक्तदान गरी रगत आपूर्तिमा सहयोग गर्नुहुन आग्रह गर्दछु । साथै सम्पूर्ण स्वयंसेवी रक्तदाता, आयोजक संघ, संस्था, सरकारी र गैरसरकारी निकायबाट हालसम्म प्राप्त सहयोगका लागि हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा पनि आपसी सहकार्य गर्दै यो पवित्र कार्यमा एकजुट भएर लाग्न अनुरोध गर्दछु । ●

# रेडक्रसद्धारा विपद् प्रतिकार्यका सामग्री हस्तान्तरण




साउन ७ गते । नेपाल रेडक्रस सोसाइटीले विपद्का बेला खोज तथा उद्धारका लागि जिल्ला प्रशासन कार्यालयको रोहबरमा सशस्त्र प्रहरी बल ३ नम्बर हेक्वा कंकालिनी गण मोरङ र जहदा गाउँपालिकालाई रबरवोटलगायतका प्रतिकार्यका सामग्रीहरू हस्तान्तरण गरेको छ । जिल्ला प्रशासन कार्यालय, मोरङमा एक कार्यक्रमको आयोजना गरी उक्त सामग्रीहरू हस्तान्तरण गरिएको थियो ।

सामग्रीहरू रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूको अन्तर्राष्ट्रिय महासंघले खरिद गरी नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालयलाई हस्तान्तरण गरिएपश्चात नेपाल रेडक्रस सोसाइटी, मोरङ जिल्ला शाखाले जिल्ला प्रशासन कार्यालय मोरङको रोहबरमा सशस्त्र प्रहरी बल र जहदा गाउँपालिकालाई सामग्रीहस्तान्तरण गरेको हो ।


विपद् प्रतिकार्यका सामग्री हस्तान्तरण कार्यक्रमसगैं रबरवोट लगायत अन्य सामग्रीहरूको प्रयोग गर्ने विधिबारे तालिम पनि प्रदान गरिएको थियो ।

हस्तान्तरण गरिएका सामग्रीहरूमा २ थान रबरबोट, ९० थान लाइफ ज्याकेट, ५ थान रिङ बोय, ३ सेट थ्रो ब्याग उद्धार डोरी, २ थान लिफ्टिङ्ग हेन्डल लगायत रहेका छन् ।

प्रतिकार्यका सामग्रीहरू सशस्त्र प्रहरी बलको गोदाम घरमा सुरक्षित राखी र कोशी प्रदेशको मोरङ जिल्लामा विपद् प्रतिकार्य तथा प्रभावितहरूको खोज तथा उद्धार गरी सुरक्षित स्थानमा पुऱ्याउले कार्यमा प्रयोग गरिने छन् ।




कालीकोट : अन्तर्क्रिया एवं छलफल



गुल्मी
अन्तर्क्रिया एवं छलफलका साथै हजार दिनका आमाहरूलाई फलफुल वितरण।

**नेपाल रेडक्रस सोसाइटीका जिल्ला शाखाहरूद्धारा "स्तनपानमा समानताः सबैको सहयोग र सहभागिता" भन्ने मूल नाराका साथ विश्व स्तनपान सप्ताह (१-७ अगष्ट) विभिन्न जनचेतनामूलक कार्यक्रमहरूको आयोजना गरी मनाएका छन् ।**